**नक्सा पास प्रक्रियामा नआइ वा नक्सा पास प्रक्रिया लागु हुनु पूर्व बनेका घरहरुको घर नक्सा अभीलेखिकरण सम्बन्धि मापदण्ड/कार्यविधि-२०७८**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४२ तथा बस्ति विकास, शहरि योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड ९पहिलो संशोधन० २०७२ को बुधा नं ८ बमोजिम यस नगरपालिकाबाट घर नक्सा पास सम्बन्धि प्रक्रियामा नआएका, नक्सा पास प्रक्रिया लागु हुनु पुर्व भवन संहिता अनुसरण नगरी निर्माण भएका भवनहरु, यो आधारभूत निर्माण मापदण्ड लागू भएको एक वर्ष भित्र यस नगरपालिकाले तोकेको प्रकृया अनुसार यस नगरपालिकाले आफ्नो अभिलेखमा दर्ता गराउनु पर्नेछ । यस छाँयानाथ रारा नगरपालिका स्थापना हुनु पूर्व अहिलेको यस नगरपालिकामा गाभिएका क्षेत्रमा स्थानिय स्तरमा कुनै पनि निकायले भवन संहितारमापदण्ड कार्यान्वयन गर्ने गरियको नदेखियकाले पूर्व निर्मित भवनहरुलाइ भविष्यमा हुन सक्ने बाटो विस्तार तथा लागु हुन सक्ने कुनै पनि सरकारि नितिलाइ असर नगर्ने गरि यथास्थितिकै अवस्थामा अभिलेखिकरण प्रकृयामा सामेल गरिनेछ। अभिलेखिकरण नगरिएका भवनहरुलाई सरकारी, अर्धसरकारी वा संस्थाहरुले भाडामा लिने पाउने छैनन् ।

यस अभिलेखिकरण प्रयोजनको लागि यो मापदण्ड छायानाथ रारा नगरपालिका, नगरकार्यापालिकाको २०७८/१२/२८ को बैठक बाट यो मापदण्डरकार्यबिधि स्विकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम ूनक्सा पास प्रक्रियामा नआइ वा नक्सा पास प्रक्रिया लागु हुनु पूर्व बनेका घरहरुको घर नक्सा अभीलेखिकरण सम्बन्धि मापदण्डरकार्यविधि(२०७८ रहनेछ। यो कार्यविधि नगर कार्यपालिकाले तोकेको अवधिमा लागु हुनेछ।

२. परिभाषा विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भान्नाले स्थानिय सरकार संचालन ऐन २०७४ भन्ने बुझाँउँछ।

(ख) "मापदण्ड" भन्नाले बस्ति विकास, शहरि योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड (पहिलो संशोधन) २०७२ भन्ने बुझाउँछ । यसले भवन सम्बन्धि अन्य मापदण्ड लाइ पनि बुझाँउँछ।

(ग) "नगरपालिका" भन्नाले यस छायानाथ रारा नगरपालिकालाइ बुझाँउँछ।

(घ) "घर अभिलेखीकरण" भन्नाले ऐनको दफा ४२ तथा मापदण्ड बुदा ८ बमोजिमको प्रकृयालाई बुझाउँछ। सो अनुसार घर नक्सा पासको प्रकृयामा नआइ पहिले नै बनिसकेका घरहरुको नगरपालिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रकृयालाई बुझाउँछ।

(ङ) "अभिलेखीकरण प्रयोजनको नक्सा पास" भन्नाले घर नक्सा पासको प्रकृयामा नआइ पहिले नै बनिसकेका घरहरुको यथा स्थितिमा "As Bulid Map" तयार गरि नगरपालिमा अभिलेखिकरण गर्न प्रमुख प्रशासकिय अधिकृत बाट प्रमाणित गरि प्रमाणपत्र प्रदान गर्ने भन्ने बुझाउँछ, यसले नक्सा पास भै निर्माण ईजाजत दिइएको भन्ने बुझाउने छैन।

(च) ''नक्सा पास'' भन्नाले नयाँ बन्ने घरहरुको आर्किटेक्चरल तथा स्ट्रक्चरल नक्सा तथा डिजाइन सहित प्रमुख प्रशासकिय अधिकृत बाट नक्सा स्वीकृत गरि निर्माण इजाजत दिने प्रकृयालाई जनाउनेछ।

(छ) ''प्रमुख प्रशासकिय अधिकृत'' भन्नाले यस छाँयानाथ रारा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई बुझाउछ।

(ज) ''प्राविधिक'' भन्नाले यस छाँयानाथ रारा नगरपालिकाका प्राविधिक कर्मचारिहरुलाई बुझाउँछ।

(झ) ''परामर्श दाता इन्जिनियर'' भन्नाले मापदण्डले तोके बमोजिमको यस नगरपालिकामा दर्ता भएका निजि परामर्श दाता प्राविधिक भन्ने बुझाउँछ।

(ञ) ''घर नक्सा दस्तुर'' भन्नाले नगरपालिकाले तोके बमोजिमको दस्तुर भन्ने बुझाउँछ।

(ट) ''As Build Map'' भन्नाले अभिलेखिकरण प्रयोजनको लागि घरको सेप्टी टंकी,प्लान, ईलिभेसन, साइट प्लान,लोकेसन प्लान स्पस्ट देखिने गरि सुचिकृत कन्सल्टेन्सि मार्फत निर्माण गरिने वा यस नगरपालिकाले तोकेको अन्य प्राविधिक बाट निरमाण हुने नक्सा सम्झिनु पर्दछ।

३. <u>निबेदन दिनुपर्ने</u> : घर नक्सा पास तथा निर्माण इजाजत सम्बन्धि प्रक्रियामा नआई तथा नक्सा पास प्रकृया लागु हुनु पुर्वनै निर्माण भैसकेका घरलाइ नियमित गरि अभिलेखिकरण गरि पाउँ भनि घरधनिले अभिलेखिकरण प्रयोजनको नक्सा पास किताब, तोकिय बमोजिमका कागजातहरु,परामर्स दाता ईन्जिनियरले तयार गरेको घरको नक्सा र फोटो सहितको प्राविधिक प्रतिवेदन र अनुसुचि १ बमोजिमको निवेदन दिनु पर्नेछ।

४. <u>सुचना जारि गर्ने</u> : नगरपालिकाको पूर्वाधार शाखाले बुँदा ३ बमोजिमको निवेदन रित पुर्वकको भए नभएको जाँची दर्ता गर्ने र ऐनको दफा ३१ (क) बमोजिम १५ दिने सन्धि सर्पन बारेको संधियारलाइ सुचना अनुसुचि २ बमोजिम नगरपालिकाले जारि गर्ने।त्यस सुचना बुझेको भर्पाइ तथा सूचना टाँस गरि मुचुल्का अनुसुचि ३ बमोजिम गराउने।

<u>५. सर्जमिन तथा प्राविधिक प्रतिवेदन</u> :

(क) बुँदा ४ बमोजिमको सुचनामा कसैको उजुरि नपरेमा ऊक्त म्याद सकियको ७ दिन भित्र नगरपालिकाले अमिनरप्राविधिक खटाई अनुसुचि ४ बमोजिम सर्जमिन मुचुल्का उठाउने।उजुरि परेमा ऐन बमोजिम गरिने।

(ख) घर बनेको जग्गाको प्राविधिक प्रतिवेदन अनुसूचि ५ बमोजिम तयार गर्ने।

<u>६. घरको फिल्ड निरिक्षण तथा प्राविधिक प्रतिवेदनः</u>

(क) पूर्वाधार शाखाका प्राविधिकले सो घरको निरिक्षण गरि अनुसुचि ६ बमोजिमको प्रतिवेदन पेश गर्ने।

(ख) यदि घरको नक्सा परामर्शदाता ईन्जिनियरले तयार गरेको भए, पेश भएको नक्सा बमोजिम घर भए नभएको यकिन गरि नभएमा घर बमोजिमकै नक्सा सुधार गर्न लगाउने।

<u>७. घर नक्सा पास गरि अभिलेखिकरण प्रमाणपत्र प्रदान गर्नेः</u> बुंदा ५ र ६ का आधारमा निम्न बमोजिम गर्ने

(क) सो घर पुरानो बजार क्षेत्रको मुख्य सडकको दायाँ बायाँ वा नयाँ रोड क्षेत्रको मुख्य सडकको दायाँ बायाँ तथा आसपासमा बनिसकेका घरलाई यथास्थितिकै अवस्थामा भविष्यमा

अनुसूचि ७

छायाँनाथ रारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गमगढि, मुगु

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या मिति

चलानी नं.

**पुरानो घर : भवनको अभिलेखीकरण प्रमाण पत्र**

श्री/श्रीमति ........................................................

महाशय,

तपाईले यस नगरपालिकाको साविक...................................हाल छायाँनाथ रारा नगरपालिक वडा नं........ को कित्ता नं.......... क्षे.फ ................................मा पक्कि/टिनको छानो भएको ...................तले निम्न विवरण बमोजिमको संरचना निर्माण कार्य नगरपालिका स्थापना भै नक्सा पास प्रकृया लागु हुनु पूर्व मिति ............................मा सम्पन्न गर्नु भएकाले यस न.पा. मा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरि यो प्रमाण-पत्र दिईएको छ।

भवनको वर्गिकरणः क ☐ ख ☐ ग ☐ घ ☐

निर्माणको स्ट्रक्चरल सिस्टम.................................................

| | लम्बाई | चौडाई | उचाई | क्षेत्रफल(वर्ग मिटर) |
|---|---|---|---|---|
| भूई तला | | | | |
| पहिलो तला | | | | |
| दोश्रो तला | | | | |
| तेश्रो तला | | | | |
| चौथो तला | | | | |
| पाँचौ तला | | | | |

घरको अभिलेखिकरणको लागि स्वीकृत क्षेत्रफलः................................................

**घर अभिलेखिकरण प्रमाण पत्र दिदा अपनाउने कार्यविधि**

१. यो प्रमाण प्रमाणपत्रले घर नक्सा पास भनि कुनै पनि किसिममा जनाउने छैन, मात्र सो घर नगरपालिका पूर्व बनेको भएर सो घरको नगरपालिकामा घर अभिलेखिकरण गरिएको जनाइनेछ।

२. सो अभिलेखिकरण भवन नगरपालिकामा कर लिइएको क्षेत्र मात्र कायम गरिएको बुझिनेछ र आवश्यक परेको खण्डमा नगरपालिकाले सो मापदण्ड भित्र बनेको संरचनालाइ हटाउन लगाउनेछ।हटाउने बेलामा निज आफैले नै नगरपालिकाले तोकेको म्याद भित्र भत्काउनु पर्नेछ अन्यथा नगरपालिकाले नै भत्काइ लागेको खर्च असुल गर्नेछ।

........................... ...................... .........................

सब(ईन्जिनियर ईन्जिनियर प्रमुख प्रशासकिय अधिकृत



लागु हुन सक्ने कुनै पनि सडक विस्तार तथा अन्य कुनैपनि सरकारि निति कार्यान्वयनमा अभिलेखिकरण प्रमाणपत्र कुनै पनि किसिमले बाधक हुने छैन।

(ख) सो घर यस छायाँनाथ रारा नगरपालिकाले नक्सा पास प्रकृया लागु भैसकेपछि निर्माण भएको यथेस्ठ आधार देखियमा, नक्सा पास कार्यविधिमा उल्लेखित मापदण्ड अनुसरण गरेको भए तोकिय बमोजिमको जरिवाना लिइ अभिलेखिकरण प्रमाणपत्र प्रदान गर्ने र मापदण्ड अनुसरण नगरेको भए सुधार गर्न लगाउने वा मापदण्ड भित्र मात्र पर्ने भाग घर नक्सामा नै छुट्याइ सो भागको मात्र घर नक्सा पास दस्तुर तथा जरिवाना लिइ बाँकि भागलाइ नक्सा प्रमाणित गर्न नमिल्ने भन्ने जनाइ मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मंजुरिनामा प्रमाण पत्र बनाइ र मापदण्ड पालनामा सम्बन्धमा स्वघोषणा गराइ अभिलेखिकरण प्रमाणपत्र प्रदान गर्ने।

(ग) घर नक्सा प्रमाणित वा नक्सा पास सहितको अभिलेखिकरण आवश्यक पर्ने घर धनिहरु सबैले यहि कार्यबिधि बमोजिम मात्र प्रमाणपत्र एवं घर अभिलेखिकरण प्रयोजनको नक्सा पास प्राप्त गर्न सक्नेछन।ऐलानि,सामुदायिक तथा सरकारि स्वामित्वमा रहेको जग्गामा निर्माण भएका घरहरुको अभिलेखिकरण गरिनेछैन।

८. स्पष्टिकरण:

(क) यस कार्यविधि अन्तर्गत प्रदान गरिएका घर अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रहरुले सो भवन घर नक्सा पासको प्रकृयामा नआइ पहिलेनै बनिसकेका घर हरुको नगरपालिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रयोजनका लागि भएको भन्ने बुझाउने छ, यसले नक्सा पास भएको वा निर्माण इजाजत दियको भन्ने कुनै पनि किसिममा बुझाउने छैन। नक्सा पासको प्रकृयामा नआइ पहिले नै बनिसकेका घरहरू वा स्वीकृत नक्सा भन्दा अलग किसिमले बनिसकेको घरहरु भएको कारणले सो घरहरुको यथास्थितिमै अभिलेख राखिने छ र घरको कुनै भाग (कुनै क्यान्टिलिभर भाग,बारदलि आदि) अरुको क्षेत्राधिकार या ऐलानि,सामुदायिक तथा सरकारि स्वामित्वमा भित्र पर्न गएमा सो घरको अभिलेखिकरण गरिने छैन।त्यस उपर नगरपालिकामा कुनै किसिमका उजुर वाजुर लाग्ने वा नगरपालिकाले ति उजुरि सम्बन्धमा कुनै कार्वाही गर्ने छैन।

(ख) अब निर्माण हुने कुनै पनि घर तथा भवनहरु अनिवार्य रुपमा नक्सा पास गराएर र निर्माण ईजाजत लिएर मात्र निर्माण गर्नुपर्नेछ, अन्यथा तोकिय बमोजिम जरिवाना लाग्ने तथा कानुन बमोजिम कारवाहि हुनेछ। स्वीकृत नक्सा बिपरित घर निर्माण गरेमा समेत तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारवाहि हुनेछ।

(ग) यस कार्यविधि अन्तर्गतको घर अभिलेखीकरण प्रकृया सम्बन्धमा कुनै गुनासो भए नियम अनुसार उजुरि गर्न सकिनेछ, तत् सम्बन्धमा ऐन बमोजिम गरिनेछ। यस कार्यबिधि अन्तर्गत प्रमाणपत्र लिंदा कुनै गलत जानकारि वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखिकरण प्रमाणपत्र स्वतः खारेज हुनेछ।

९. अवधि र बचाउ:

(क) यो कार्यविधि अन्तर्गतको प्रकृयामा आउन कार्यपालिकाले तोकेको अन्तिम मिति भित्र रितपूर्वकको निबेदन दर्ता भइसकेको हुनु पर्नेछ।

(ख) हाल सम्म यस नगरपालिकाबाट पहिले नै बनेका घर/पूराना घर (Existing Building)भनेर प्रदान गरिएका अभिलेखिकरण प्रमाण पत्र यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ।

१०. नक्सा पास दस्तुर

अभिलेखिकरण प्रयोजनको नक्सा पासको लागि दस्तुर निम्नानुसार हुनेछः

क. आर.सि.सि. फ्रेम स्ट्रक्चर प्रति वर्गफिट (सबै तला) रु ७/-

ख. लोड बियरिङ्ग स्ट्रक्चर प्रति वर्गफिट (सबै तला) रु ५/-

ग. नक्सा पास प्रकृया लागु भैसकेपछि निर्माण भएको येस्तो आधार देखियमा, नक्सा पास कार्यविधिमा उल्लेखित मापदण्ड अनुसरण गरेको भए जरिवाना अभिलेखिकरण शुल्कको सत प्रतिसत लाग्नेछ।

## अनुसूचि १

मितिः ..................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढि, मुगु

विषय ः अभिलेखीकरण प्रमाण–पत्र पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मेरो नाममा मालपोत कार्यालय, मुगुमा दर्ता प्रमाणित भएको मुगु जिल्ला साविक ........................... गा.बि.स. वडा नंः ................. कि.नं. ...................................को क्षेत्रफल ..........................वर्ग मिटर (..................................वर्गफिट) जग्गामा यस नगरपालिका स्थापित भै नक्सा पास प्रकृया लागु हुनु पूर्व निर्मित घर भएकोले तपसिलमा उल्लेखित विवरणको घर बमोजिमको नक्सा प्रमाणित गरी घर अभिलेखिकरण प्रमाणपत्र पाउ“ भनी निवेदन पेश गरेको छु । श्रीमान्को जो आदेश ।

निवेदकरनिवेदकहरु

नामः
ठेगानाः
सम्पर्क नः



## अनुसूचि ६

विषयः अभिलेखिकरण प्रयोजनको घर नक्सा पासका लागि निवेदन आएका घरको नक्सा शाखारपूर्भाधार शाखाको फिल्ड प्रतिवेदन

......................................गाउँपालिका/नगरपालिका वडा नं .................. स्थाइ घर भएका श्री.................................ले निजको नाममा रहेको साविक.........................................हाल यस नगरपालिका वडा नं कि कित्ता नं................... तथा क्षेत्रफल.............................भएको जग्गामा बनेको ..................... तले घरको यस नगरपालिकाबाट नक्सा पास प्रकृयामा नआइ पहिलेनै निर्माण सम्पन्न भएको भनि निजले मिति............................................मा दर्ता नं ............. मार्फत निवेदन दिनु भएकोमा मैले मिति ..........................................मा घरको प्राविधिक चेक जांच गर्दा निम्न बमोजिम पाइएको प्रतिवेदन पेश गर्दछु।

१। सडकको अधिकार क्षेत्रको चौडाइ........... २। छोड्नु पर्ने सेट ब्याक.................

३। सडक अधिकार पालनाः ☐ भएको ☐ नभएको

४। सेटब्याकः ☐ पुगेको ☐ नपुगेको

५। घरको स्ट्रक्चरल सिस्टमः फ्रेम ☐ लोड बियरिंग ☐ अन्य ☐ खुलाउने............

६। क्षेत्रफलः

भुइँ तला.......................पहिलो तला.......................दोस्रो तला............................तेस्रो तला........................चौथो तला........................ पाँचौ तला

जम्मा क्षेत्रफलः

७। पेश भएको नक्सा बमोजिम ☐ भएको ☐ नभएको

८। भवन सम्बन्धि न्युनतम मापदण्डहरु पालना ☐ भएको ☐ नभएको ☐ आंसिक रुपमा भएको

९। अन्य केहि भए खुलाउने

प्रतिवेदन पेश गर्नेको सही

नामः
पदः
सहिः
मितिः



## अनुसूचि ५

## प्राविधिक प्रतिवेदन

यस नगरपालिका स्थान.................वडा नं.................................मा अवस्थित कित्ता नं............क्षेत्रफल.........................................................मा पहिले नै बनिसकेको घरको घरधनी श्री.......................................ले घर अभिलेखिकरण प्रयोजनको नक्सा पासको लागि पेश गरेको नक्सा सम्बन्धमा मिति.................................................मा स्थलगत निरिक्षण गरि देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु।

१. भू उपयोग क्षेत्र..................................................

२. निर्माण भएको स्थल सम्मको पुग्ने बाटोको अवस्थाः

२.१ बाटोको किसिमः ☐ पिच ☐ ग्रावेल ☐ मोटर जाने ☐ कच्ची ☐ अन्य

२.२ बाटोको चौडाई......................................................

२.३ मापदण्ड अनुसारको सडक अधिकार क्षेत्र र साइट प्लान मेल खान्छ खादैन सो को विवरण.........................................................

३. निर्माण भएको भवनले सार्वजनिक स्थल वा निर्माणलाइ बाधा पुर्याएको छ ☐ छैन ☐

४. खोला, खहरे, नदिरतालरकुलो आदि नजिक भए सो दखि

४.१ निर्माणको भएको जग्गा सम्मको दुरि...............................................

४.२ बनेको भवनको बाहिरि भाग सम्म दुरि...............................................

५. नापि नक्सा र फिल्डको आकार प्रकारः मिल्छ ☐ मिल्दैन ☐

६. लाल पुर्जा भन्दा फिल्डमा जग्गा ठिक ☐ बढि ☐ घटि ☐ देखिन्छ।

७. प्राविधिक अन्य कुरा भए खुलाउने

(भिरालो जग्गा, भौगर्भिक धाँजा आदि)

प्रतिवेदन पेश गर्ने प्राविधिकको नाम ............................................................................

पदः...........................................................

सहिः

फिल्ड नक्साः



अनुसूचि २

छायाँनाथ रारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गमगढि, मुगु

प.सं. मितिः...............................

च.नं.

## संधियारको नाममा १५ दिने सुचना

यस छायाँनाथ रारा नगरपालिका वडा नं. ............ बस्ने श्री ....................................ले यस छायाँनाथ रारा नगरपालिका वडा नं. ............... को साविक ...................................गा.वि.स. वडा नं.................. कित्ता नं. ............... क्षेत्रफल .....................................को

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको घरनक्सा पास सहितको अभिलेखिकरण प्रमाण पत्र पाउँ भनि मिति ......................................मा निवेदन दिनुभएकोले सो बनेको घरको साँध सँधीयार कोहि कसैलाइ पिरमर्का परेको भए आफुलाइ मर्का परेको सबै विवरण खुलाइ यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिका कार्यालयमा उजुर वाजुर गर्नुहुन स्थानिय सरकारल संचालन ऐन बमोजिम यो सुचना प्रकाशित गरियको छ।म्याद भित्र पर्न नआएका उजुरि उपर कुनै कारवाहि गरिने छैन।

तपशील

१. घरको संरचनाको किसिमः .................. २. लम्बाई............................................

३. चौडाईः............................................ ४. भुँइ तलाको क्षेत्रफलः........................

५. उचाइः ........................... ६. तला संख्याः.................................

....................................... ...........................................

घर नक्शारपूर्वाधार शाखा प्रमुख प्रशासकिय अधिकृत



अनुसूचि ३

सूचना बुझाएको भर्पाइ तथा टाँस मुचुल्का बारे

यस छायाँनाथ रारा नगरपालिका वडा नं. ......... मा अवस्थित कित्ता नं. ............. र क्षेत्रफल .................. मा भवन निर्माण गर्ने घरधनि श्री ..........................................................ले भवन निर्माण भएको घरको अभिलेखिकरण गर्ने प्रयोजनको सिलसिलामा यस नगरपालिका कार्यालयको च.नं. .......... मिति ..................................गते प्रकाशित १५ दिने संधि सर्पण बारेको सूचना घर धनिले संधियारलाइ बुझाइ एक प्रति सूचना हामिहरुको रोहबरमा निर्माण स्थलको सबैले देख्ने ठाउँमा टास गरेको ठिक हो।

पूर्व संधियार श्री ........................................ दस्तखत.................................................

पश्चिम संधियार श्री .................................. दस्तखत.................................................

उत्तर संधियार श्री........................................ दस्तखत.................................................

दक्षिण संधियार श्री ................................... दस्तखत.................................................

साक्षीहरुः-

१. श्री ...................................................... दस्तखत.................................................

२. श्री ...................................................... दस्तखत.................................................

३. श्री ...................................................... दस्तखत.................................................

घरधनिः-

श्री .................................................... दस्तखत.................................................

उपर्युक्त सूचना संधियारहरुलाई बुझाइ निर्माण स्थलमा टाँस गरि वडाको जानकारिको लागि १ प्रति सूचना बुझिलिएको हो।

वडाको छाप

दस्तखत .....................................

नामः

श्री .........................................................

वडा सचिव

............ नं वडा समितिको कार्यालय

मिति...................साल............महिना..............गते



अनुसूचि ४

<u>पहिले नै बनेको घरको अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्र लिनको लागि</u>

<u>सर्जमिन मुचुल्का</u>

लिखितम .......................... गाउँपालिकारनगरपालिका वडा नं. ........................... स्थाइ बसोबास भएका श्री..............................ले यस छायाँनाथ रारा नगरपालिका वडा ................. साविक ................ गा. वि. स. वडा नं.............. मा अवस्थित कित्ता नं. .......... र क्षेत्रफल .................. मा पहिले नै बनेको घरको अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका निमित्त दरखास्त पेश हुन आएकोमा सो घर बनेको जग्गा तथा सो घरको अभिलेखिकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रको लागि संधि सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोहि कसैको जुरि नपरेकोले सर्जमिन मुचुल्का उठाउनु पर्ने भएकोमा सो घर बनेको जग्गाको साँध सँधियार, छर छिमेकिलाइ एक स्थानमा भेला गराइ खटिइ उनु भएका डोर मार्फत सोधनि हुँदा तत् सम्बन्धमा व्यहोरा यो छ कि उक्त घर जग्गामा कोहि कसैको खिचलो नभएको कि कसैलाइ सन्धिसर्पन, पिरमर्का नपर्ने देखिइको हुँदा सो पेश गरेको घर नक्सा सहितको अभिलेखिकरण गरि प्रमाणपत्र दिएमा ठिक छ, व्यहोरा ठिक साँचो हो भनि यस मुचुल्कामा सहि छाप गरि खटिइ आउनु भएका डोर मार्फत छायाँनाथ रारा नगरपालिकामा चढायौँ।

<u>साक्षिहरु</u>

१. वार्ड नं. ............. बस्ने वर्ष ...................का श्री .................दस्तखत.................

२. वार्ड नं. ............. बस्ने वर्ष ...................का श्री ................दस्तखत.................

३. वार्ड नं. ............. बस्ने वर्ष ...................का श्री ................दस्तखत.................

<u>साँध सँधियार</u>

पूर्व तर्फः वर्ष ................का श्री ..........................दस्तखत.......................

पश्चिम तर्फः वर्ष ................का श्री ..........................दस्तखत.......................

उत्तर तर्फः वर्ष ................का श्री ...........................दस्तखत......................

दक्षीण तर्फः वर्ष ................का श्री ..........................दस्तखत.......................

<u>सम्बन्धित घरधनि</u>

गाउँपालिका/नगरपालिकाः

वार्ड नं. ...........बस्ने वर्ष ...........का श्री .......................दस्तखत..........................

<u>रोहबर</u>

वार्ड न. .......का वडाध्यक्षरवडा प्रतिनिधि श्री....................दस्तखत............................

<u>काम तामेल गर्ने</u>

गाउँपालिकारनगरपालिकाका श्री .......................................दस्तखत..........................

पद.........................................

इति सम्वत २०.........साल...........महिना...............गते रोज..........................शुभम्।